मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : ३० ◆ अङ्क : १४९ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८२ बैशाख ३ गते बुधवार (Wednesday, 16 April. 2025) नेपाल सम्वत् ११४५ Web : www.purwanchaldaily .com ◆ मूल्य रु : ५/- भारतमा भा.रु : ४/-

## चट्याङ लागेर चार जना घाइते

**संखुवासभा, वैशाख २।** जिल्लाको खाँदबारी नगरपालिका-९ साठीमुरेमा चट्याङ लागेर एकै परिवारका चार जना घाइते भएका छन् ।

सोमबार साँझ हावाहुरी तथा पानीसँगै आएको चट्याङ लागेर खाँदबारी-९ साठीमुरेमा एकैपरिवारका चार जना घाइते भएका जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक दक्षकुमार बस्नेतले जानकारी दिए । चट्याङ लागेर कोपिला श्रेष्ठ, १८ वर्षीय छोरा गगन श्रेष्ठ, १८ वर्षीया बुहारी बविता मगर र १३ वर्षीया छोरी निरुता

(बाँकी अन्तिम पृष्ठमा)

## सुनसरीमा एक महिने सिरुवा मेला शुरु



**सुनसरी, वैशाख २।** सुनसरी सदरमुकाम इनरुवासहित विभिन्न स्थानमा लाग्दै आएको एकमहिने 'सिरुवा' मेला शुरु भएको छ । नयाँ वर्षको आगमनसँगै सुनसरीको विभिन्न स्थानमा गरेर एक महिनासम्म लाग्ने जिल्लाकै पौराणिक एकमहिने सिरुवा मेला शुरु भएको हो ।

इनरुवा-६ मधेसबाट शुरु भएको यो मेला जिल्लाका विभिन्न स्थानमा लागेर मोरङमा समापन हुने गरेको इनरुवाका पूर्वप्रमुख एवम् अग्रज ८५ वर्षीय गोपाल कोइरालाले बताए । वि.सं. २००७को क्रान्ति र झोडा फँडानीपछि यहाँ लाग्दै आएको एकमहिने मेला मोरङमा गएर समापन हुने उनले जानकारी दिए ।

यो मेला सदरमुकाम इनरुवाको, मधेस, इनरुवा-७ चान्दबेला, इनरुवा-८ गणेशपुर, इनरुवा-१ भगवती मन्दिरसहित रामधुनी नगरपालिकाको पाञ्चायन थान, कोशी-२ पश्चिम कुशाहास्थित सलहेस थानलगायत ठाउँ हुँदै मोरङमा गएर समापन हुनेछ । एक महिनासम्म प्रत्येक ठाउँमा बिहान ८ बजेदेखि लाग्ने यो मेलासाँझ अन्त्य गरिन्छ । अर्को दिन पुनः अर्को ठाउँमा लाग्ने गर्दछ- इनरुवा-१का वडासदस्य प्रदीप ढकालले भने । मेला भर्नका लागि जिल्लामा पाहुनाका रूपमा अन्य जिल्लाबाट आफन्त आउने गरेका छन् ।

शिक्षक आन्दोलन

# देशभरका विद्यालय बन्द गर्ने निर्णय

**काठमाडौं, वैशाख २।** आन्दोलनरत् शिक्षकरुहले आफ्ना माग पूरा नभएसम्म देशभरका विद्यालय बन्द गर्ने निर्णय गरेका हुन् । उनीहरुले एसईईको उत्तरपुस्तिका नजाँच्ने अडानसहित कक्षा १२को परीक्षा सञ्चालनमा सहभागी नहुने जनाएका हुन् । महासंघको बैठकले कक्षा १२को परीक्षा सञ्चालनमा सहभागी नहुने र देशभरका विद्यालयहरू बन्द गर्ने निर्णय गरेको हो ।

महासंघका अध्यक्ष लक्ष्मीकिशोर सुवेदीले कक्षा १२को परीक्षामा कुनै पनि शिक्षक कर्मचारी सहभागी नहुने र देशभरका विद्यालयहरू बन्द गर्ने निर्णय भएको जानकारी दिए । मंगलवार माइतीघरबाट प्रदर्शनसहित बानेश्वर पुगेर शिक्षकहरूलाई निषेधित क्षेत्रबाट अघि बढ्न प्रहरीले रोकेपछि उनीहरू सडकमा नै धर्ना दिएका थिए । उनीहरुले विद्यालय शिक्षा ऐन जारी गर्न माग राख्दै नयाँ बानेश्वरमा धर्ना दिएका छन् ।

विद्यालय शिक्षा ऐन जारी गर्न माग गर्दै आन्दोलनरत् नेपाल शिक्षक महासंघले आफ्नो आन्दोलनलाई थप सशक्त बनाउने निर्णय गरेको छ । कक्षा १२को परीक्षा



बैशाख ११ गतेदेखि शुरु हुँदैछ भने नयाँ शैक्षिक सत्र पनि शुरु भइसकेको छ । सरकारले भर्ना अभियान घोषणा गरे पनि महासंघले विद्यालय बन्दको घोषणा गरेको छ । विद्यालय शिक्षा ऐन जारी गर्न माग गर्दै महासंघको नेतृत्वमा चैत २० गतेदेखि शिक्षकहरू सडक आन्दोलनमा उत्रिएका छन् । महासंघले शैक्षिक हड्तालको घोषणा समेत गरेको छ ।

आफूहरूसँग भएका सहमतिका आधारमा यथाशिघ्र विद्यालय शिक्षा ऐन जारी गर्नुपर्ने भन्दै नेपाल शिक्षक महासंघले लगातार काठमाडौं केन्द्रीत आन्दोलन गर्दै आएको छ । आन्दोलनका कारण नयाँ शैक्षिक सत्र प्रभावित भएको छ । महासंघले संसद्को वर्षे अधिवेशन तत्काल बोलाएर, विशेष अधिवेशन आव्हान गरेर वा अध्यादेशबाट

(बाँकी अन्तिम पृष्ठमा)

## करणी गर्ने र मैथुन गराउने दुई जना पक्राउ

**झापा, वैशाख २।** १७ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा एक व्यक्ति पक्राउ परेका छन् ।

पक्राउ पर्नेमा पर्सा वीरगञ्ज महानगरपालिका-२ घर भएका २४ वर्षीय दिलबर खान रहेका छन् । खानले ती बालिकालाई मेचीनगर नगरपालिका-९ संगम चोकस्थित साईकिर्पा कपी उद्योगमा शनिबार राति जबरजस्ती करणी गरेको उजुरीका आधारमा पक्राउ गरिएको हो । उनलाई इलाका प्रहरी कार्यालय धुलाबारीबाट खटिएको प्रहरीले पक्राउ गरेको हो ।

यता बालकलाई अप्राकृतिक मैथुन गर्दा अर्का एक व्यक्ति पक्राउ परेका छन् । ११ वर्षीय बालकलाई ललाइफकाई अप्राकृतिक मैथुन गरेको आरोपमा प्रहरीले २६ वर्षीय अञ्जनशंकर विकलाई पक्राउ गरेको हो । पक्राउ पर्ने विक इलाम माई नगरपालिका-९ चिसापानी घर भई हाल ज्यामिरगढीमा डेरा गरी बस्दै आएका थिए ।

चैत ३० गते साँझ ६:३० बजे मेचीनगर-१५ ज्यामिरगढीमा विकले ११ वर्षीय बालकलाई ललाइफकाई एकान्तमा लगेर अप्राकृतिक मैथुन गरेको प्रहरीले जनाएको छ । पीडितका तर्फबाट इलाका प्रहरी कार्यालय धुलाबारीमा जाहेरी परेपछि प्रहरीले विकलाई नियन्त्रणमा लिएको हो । पीडित र पीडक दुवै पक्षलाई यौनजन्य स्वास्थ्य परीक्षणको लागि प्रादेशिक अस्पताल भद्रपुर पठाइएको प्रहरीले जनाएको छ ।

उता मोरङ विराटनगर महानगरपालिका-१५ एक नम्बर ढाँटबाट अवैध लागूऔषध खैरो हेरोइन जस्तो देखिने पदार्थ १ ग्राम ७० मिलिग्रामसहित सुनसरी धरान उपमहानगरपालिका-१७ बस्ने ४० वर्षीय राज श्रेष्ठलाई मंगलबार दिउँसो प्रहरीले पक्राउ गरेको छ ।

लागूऔषध नियन्त्रण ब्यूरो शाखा कार्यालय विराटनगरबाट खटिएको प्रहरीले भारतबाट नेपालतर्फ पैदल आउँदै गरेका उनलाई उक्त पदार्थसहित पक्राउ गरेको हो ।

## खुल्ला नृत्य प्रतियोगितामा भद्रपुरकी एलिशा प्रथम




**अर्जुनधारा, वैशाख २।** झापा भद्रपुरकी एलिसा चाम्लिङ अर्जुनधारामा सम्पन्न भएको खुल्ला नृत्य प्रतियोगितामा प्रथम भएकी छिन् ।

नव वर्ष २०८२को अवसरमा स्थानीयस्तरमा रहेका प्रतिभाहरुको पहिचान र प्रबर्द्धन गर्दै नेपाली नृत्य परम्परालाई जीवित राख्ने उद्देश्यले स्थानीय ए वान डान्स एकाडेमीको आयोजना र अर्जुनधारा-८ नं. वडा कार्यालयको समन्वयमा आयोजित उक्त प्रतियोगितामा उनी प्रथम भएकी हुन् ।

त्यसैगरी प्रतियोगितामा मोरङको विराटनगरस्थित बिराट कला समूह द्वितीय, अर्जुनधारा-५ निवासी सुसना कोइराला तृतीय र कृष्ण धिमाल सान्त्वना भएका छन् । प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुने सहभागीलाई क्रमशः नगद पुरस्कार ५१ हजार, २१ हजार र ११ हजारसहित ट्रफी र प्रमाण-पत्र तथा सान्त्वना हुने सहभागीलाई स्मार्ट वाच प्रदान गरिएको छ ।

एकाडेमीका सञ्चालक अशोक धिमालको अध्यक्षतामा आयोजित कार्यक्रममा प्रमुख अतिथि कोशी प्रदेशसभा सदस्य तिलचन पाठक चिन्तन, वडाध्यक्ष कुमारप्रसाद उप्रेती, वडा सदस्य मनोज थापा मगर, सभाध्यक्ष धिमाललगायतले पुरस्कारहरु वितरण गरेका थिए ।

काठमाडौंका देवराज गुरुङ, सुनसरीका नगेन्द्र राई र छिमेकी देश भारतका सुवोल पल निर्णायक रहेको प्रतियोगितामा सहभागीहरुले एकल, युगल र समूहसहित जम्मा ५२ वटा नृत्य प्रस्तुत गरेका थिए । प्रतियोगितामा झापासहित संघीय राजधानी काठमाडौं, मोरङ, सुनसरी, इलाम, पाँचथरलगायतका कलाकारहरुको सहभागिता रहेको थियो ।

सोही कार्यक्रममा अग्रज नृत्य कलाकारहरु अशोक कुर्मी, कृष्णबहादुर

(बाँकी अन्तिम पृष्ठमा)

## गाँजा तस्करीमा संलग्नले गोली चलाए

**सुनसरी, वैशाख २।** सुनसरीमा गाँजा तस्करीमा सम्लग्नले गोली चलाएको पुष्टि भएको छ । गाँजा तस्करी गर्ने समूहले सोमवार राति गोली चलाएको खुलेको हो । सोमबार बेलुकी करिब साढे ८ बजेतिर देवानगञ्ज गाउँपालिका-७ मा तीन राउण्ड गोली चलेको थियो । मोटरसाइकल चढेर जाँदै गरेका दुई जनामाथि गोली प्रहार भएको हो । गोली लागेर सोही पालिकाका शिवकुमार मेहता र रवीनकुमार यादव घाइते भए ।

शिवकुमारको विराटनगरस्थित नोबेल अस्पतालमा उपचार भइरहेको छ । रवीनकुमार सामान्य रहेकाले प्रहरीले उनलाई नियन्त्रणमा लिएको छ । जिल्ला प्रहरी कार्यालय सुनसरीका एसपी सुमन तिमल्सिनाका अनुसार यस घटनामा थप एक जनालाई पक्राउ गरी अनुसन्धान भइरहेको र यसमा अन्य तीन जना फरार रहेकाले खोजी भइरहेको छ । प्रहरीले घटना भएपछि पिन्टु यादवलाई पनि पक्राउ गरेको थियो । '६ जनाको संलग्नता देखिएको छ, अहिले अनुसन्धानकै क्रममा छौं । दुई थरी कुरा आएको छ । तर, उनीहरू एउटै समूहका साथीहरू थिए'- उनले भने ।

घटनामा संलग्न व्यक्तिहरू सीमावर्ती क्षेत्रमा गाँजा लगायत लागूऔषध तस्करी गर्ने समूह रहेको एसपी तिमल्सिनाले बताए । पहिले एउटै समूहमा बसेर तस्करी गर्दै आएका उनीहरूबीच पछिल्लो समय विवाद उत्पन्न भएपछि गोली

(बाँकी अन्तिम पृष्ठमा)




## हप्तामा दुई दिन जातीय भेषभुषा अनिवार्य

**उदयपुर, वैशाख २।** उदयपुरको लिम्चुङबुङ गाउँपालिकाका कर्मचारीले अब हप्तामा अनिवार्य दुई दिन कार्यालय समयमा जातीय भेषभुषा लगाउनुपर्ने भएको छ ।

गत चैत १ गते सो पालिकाका अध्यक्ष राईको अध्यक्षतामा सम्पन्न कार्यपालिकाको बैठकले सो निर्णय गरेको र यही वैशाख १ देखि लागू गरिएको पालिकाका उपाध्यक्ष पुष्पकुमार राईले जानकारी दिए । गत सोमबार प्रशासकीय

(बाँकी अन्तिम पृष्ठमा)

BIRTAMODE
EYE HOSPITAL

अब नाक, कान, घाँटी तथा दन्त उपचारसहित

उच्च गुणस्तरिय, सुलभ र भरपर्दो आँखा उपचार सेवामा समर्पित

CONTACT :
Birtamode Eye Hospital
CHARPANE, JHAPA, MECHI, NEPAL
PHONE NO: 023-530476 / Email: mnec.beh@gmail.com I
Web: birtamodeeyehospital.org

# दर्ता नभएका सामाजिक सञ्जाल बन्द होला त ?

**झापा, बैशाख २।** सामाजिक सञ्जाल प्ल्याट्फर्महरूलाई सूचीकृत हुन भन्दै सूचना निकालेको सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले तोकिएको म्याद सकिएपछि दर्ताका निम्ति अब फेरि कुनै सूचना प्रकाशित नगर्ने एक अधिकारीले बताएका छन् ।

मन्त्रालयले दिएको एकमहिने म्याद सकिनै लाग्दा नेपालमा उल्लेख्य संख्यामा प्रयोगकर्ता भएका फेसबुक र एक्सजस्ता सामाजिक सञ्जालको भविष्य के हुने भन्ने चासो व्यक्त भइरहेको छ । सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले चैत ७ गते सार्वजनिक सूचना प्रकाशित गर्दै सूचीकृत नभएका सामाजिक सञ्जाल प्ल्याट्फर्महरूलाई एक महिनाभित्र अर्थात् वैशाख ७ गतेसम्म दर्ता हुन समय दिएको छ । विभागीय मन्त्री एवम् सरकारका प्रवक्ता पृथ्वीसुब्बा गुरुङले तोकिएको म्यादभित्र सामाजिक सञ्जाल प्ल्याट्फर्महरू सूचीकृत हुन नआए बन्द गरिने चेतावनी दिँदै आएका छन् । तर, एक जानकारले बहुसंख्यक प्रयोगकर्ताहरूले चलाउँदै आएका सामाजिक सञ्जाललाई बन्द गर्ने जोखिम सरकारले मोल्न नचाहने प्रतिक्रिया दिएका छन् ।

**मन्त्रालय के भन्छ ?**

मन्त्रालयका प्रवक्ता गजेन्द्रकुमार ठाकुरका अनुसार नेपालमा हालसम्म भाइबर, टिकटक र वीटक मात्र दर्ता भएका छन् ।

विगत केही महिनाको अवधिमा एक्स अनि फेसबुक, ह्वाट्स्याप तथा इन्स्टाग्रामको सञ्चालक कम्पनी मेटालाई दुईदुई पटक पत्राचार गरिए पनि कुनै जवाफ मन्त्रालयले पाएको छैन । सञ्चार मन्त्रालयअन्तर्गत दर्ता भइदिएर नियमनमा सघाइदिनूस् भन्ने हाम्रो आग्रह हो तर अहिलेसम्म हाम्रो प्रयासको प्रतिफल आउन सकिरहेको छैन- ठाकुरले भने ।

हाम्रा ऐन तथा कानूनसँग बाझिने कुरामा गरिने अनुसन्धानमा उहाँहरूले सघाइदिने, ऐन तथा कानून विपरीतका सामग्री हटाएर सघाइदिने हो । हामीले चाहेको त्यति हो । अहिले सामाजिक सञ्जालको प्रयोग गरेर धेरै मिथ्या समाचारहरू शेयर भइरहेको समस्या नेपालमा मात्र नभई संसारभरि छ । त्यसलाई नियमन कसरी गर्ने भन्ने मुख्य चासो हो- उनले थपे ।

नेपालमा प्रयोगमा रहेका सामाजिक सञ्जालहरूलाई जानकारीमा राख्न र स्वनियमन पनि होओस् भनेर सूचीकरण गर्न खोजिएको अधिकारीहरूको तर्क रहिआएको छ । सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले २०८० सालको कार्तिक अन्तिम सातातिर एउटा सूचना निकाल्दै नेपालभित्र सञ्चालनमा रहेका सामाजिक सञ्जाल प्ल्याट्फर्महरूलाई तीन महिनाभित्र सूचीकृत हुन आग्रह गरेको थियो । सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित गर्नेसम्बन्धी निर्देशिका, २०८० सोही वर्षको मंसीर ११ गते जारी भएसँगै सूचीकरण कार्य कार्यान्वयनमा आएको थियो ।



**सरकारले बन्द गराउला ?**

प्रवक्ता ठाकुरका अनुसार नेपालमा सामाजिक सञ्जाल प्रयोगकर्तामध्ये फेसबुक र ह्वाट्स्यापजस्ता मेटाका प्ल्याट्फर्महरूका प्रयोगकर्ता उल्लेख्य संख्यामा छन् ।

सामाजिक सञ्जाल प्रयोगकर्ताको ८० प्रतिशत हिस्सा मेटाले ओगटेको उनी बताउँछन् । उहाँहरूका धेरै फलोअर नेपालमा छन् । आफ्ना प्रयोगकर्ताहरूलाई ध्यानमा राखी दर्ता हुन आउनुहुन्छ भन्नेमा म आशावादी छु- प्रवक्ता ठाकुरले भने । हाल आफूहरू पर्ख र हेरको स्थितिमा रहेको बताउँदै उनले भने- तर त्यो भनेको वैशाख ७ गतेसम्म हो । त्यसपछाडि हामी अर्को सूचना निकाल्दैनौं । यसबीचमा कोही सम्पर्कमा आएर दर्ताका लागि समय मागे भने दिन सक्छौं । दर्ता हुन नमान्ने सामाजिक सञ्जाललाई सञ्चालनमा प्रतिबन्ध लगाउन सक्ने अधिकार सरकारसँग छ तर त्यो विकल्पमा तत्काल जाने मनस्थिति नरहेको प्रवक्ता ठाकुर सङ्केत गर्छन् । कानूनबमोजिम त बन्द नै हुने हो । तर त्यो भनेको अन्तिम उपाय हो। हामी त्यो अवस्था आउन दिने पक्षमा छैनौं । भएन भने सरकारले आवश्यक निर्णय गर्ला नै ।

**जानकार के भन्छन् ?**

डिजिटल राइट्सका कार्यकारी निर्देशक तथा अधिवक्ता सन्तोष सिग्देलका अनुसार केहीबाहेक कतिपय प्ल्याट्फर्महरूले सरकारको आग्रहलाई बेवास्ता गरेकै देखिन्छ ।

अहिलेको युगमा कुनै नीतिगत व्यवस्था गर्न लाग्दा सरोकारवालासँग छलफल आवश्यक हुन्छ- उनले भने । त्यसले प्रभाव पार्न सक्ने पक्षसँग छलफल हुन सक्यो कि सकेन, चासो के हो, किन बेवास्ता गर्दै छन् भन्ने विषयमा परामर्श आवश्यक हुन्छ ।

ठूलो संख्यामा प्रयोगकर्ताहरू रहेका अवस्थामा कुनै प्ल्याट्फर्म दर्ता हुन नआउनुको कारण सरकारले बुझ्न खोजेको छ कि छैन भन्ने कुरा पनि महत्वपूर्ण भएको उनको तर्क छ । अर्को कुरा मेटाले हामी किन दर्ता हुन चाहँदैनौं भनेर बोलेको सार्वजनिक रूपमा कतै पनि देखिँदैन । यदि दुई पक्षबीच त्यस्तो कुरा भएको छ भने पनि बाहिर आएको छैन- सिग्देल अगाडि थप्छन् ।

सामाजिक सञ्जाल प्ल्याट्फर्महरू सम्बन्धित देशको कानूनप्रति र सँगसँगै प्रयोगकर्ताप्रति पनि जवाफदेही हुनुपर्ने उनी बताउँछन् । एउटा स्टेकहोल्डर सरकार हो भने अर्को स्टेकहोल्डर सामाजिक सञ्जालका प्ल्याट्फर्महरू हुन् । उनीहरूले आआफ्ना कुरा स्पष्ट रूपमा अगाडि राख्नुपर्छ । तर, यो मामिलामा दुवै पक्ष खुलेका छैनन् ।

**'सरकारले जोखिम नमोल्ला'**

पटकपटक चेतावनी दिँदै आए पनि सरकार दर्ता नभएका सामाजिक सञ्जाललाई प्रतिबन्ध नै लगाउने हदसम्म जानेमा जानकारहरू आशङ्का गर्छन् ।

यद्यपि राज्यले चाहेमा त्यो गर्न नसक्ने कुरा चाहिँ नभएको सिग्देलको तर्क छ । नियामक निकायलाई भनेर सरकारले प्राविधिक हिसाबले फेसबुक नचल्ने बनाउन सक्छ । हामीले निर्देशिका ल्याएका छौं, त्यसको परिपालना भएन भनेर कानूनी हिसाबले पनि बन्द गराउन सक्छ- उनी भन्छन् । तर, व्यावहारिक कुरा गर्ने हो भने नेपालमा सूचना प्रवाह गर्ने, सूचना खोज्ने कामहरू सामाजिक सञ्जालबाटै गर्ने गरेको पाइन्छ ।

सरकारले पनि आफ्ना सूचनाहरू प्रवाहका निम्ति सामाजिक सञ्जाललाई माध्यम बनाएको छ । उनका अनुसार विपद् सूचना प्रणालीहरू, साना तथा मझौला उद्योगहरूको व्यापार प्रवर्द्धनमा समेत सामाजिक सञ्जालहरूको प्रयोग भइरहेको छ । हठात् बन्द गर्न सजिलो देखिँदैन । मानिसहरूमा व्याप्त निराशा देखिरहँदा अहिलेको सामाजिक र राजनीतिक माहोलबीच बन्द गर्दा त्यो प्रत्युत्पादक हुन सक्छ- सिग्देल अगाडि थप्छन् ।

आर्थिक उपार्जनदेखि सञ्चार जोडिएको अवस्थामा र ठूलो संख्या देशबाहिर रहेका बेला यसले ठूलो प्रभाव पार्छ । यो जोखिम मोल्ने देखिँदैन । बन्द गऱ्यो भने त्यसले निम्त्याउने व्यापक प्रतिक्रियालाई सरकारले झेल्न सक्छ जस्तो मलाई लाग्दैन । यदि हामीले भोलि गएर त्यो बन्दै गऱ्यौं भने ७५३ वटा स्थानीय सरकारदेखि मन्त्रालय, विभागसम्मका सूचना प्रवाहको विकल्प के हुन्छ ?- उनी प्रश्न गर्छन् ।

"मेटाले पनि यिनीहरूको बाध्यता छ, बन्द नगर्लान् भन्ने हिसाबले बेवास्ता गरिरहेको हुन सक्छ । नेपालसँग वैकल्पिक माध्यम छैन, अर्को प्ल्याट्फर्म छैन । त्यसले गर्दा यसलाई गम्भीर रूपमा अगाडि नबढाऊलान् भन्ने पनि अपेक्षा हुन सक्छ र उपेक्षा गरिरहेको हुन सक्छ ।

**निर्देशिकामा के छ ?**

निर्देशिका अनुसार सामाजिक सञ्जाल सेवा प्रदायकहरू नेपालको सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा दर्ता हुनुपर्छ । दर्ता भएका सेवा प्रदायकले प्रत्येक तीन वर्षमा इजाजतपत्रको नवीकरण गर्नुपर्ने र नेपालको कानूनविपरीतका विज्ञापन प्रयोगकर्ता कहाँ नआउने गरी प्रविधि विकास गर्नुपर्ने भनिएको छ । कम्पनी सूचीकरण हुनुपर्ने, नेपालमा सम्पर्क बिन्दु (पोइन्ट अफ कन्ट्याक्ट) स्थापित गर्नुपर्ने र कुनै गुनासो आएका अवस्थामा सुनुवाइका लागि कुनै व्यक्तिलाई जिम्मेवारी तोक्नुपर्ने लगायतका व्यवस्था निर्देशिकाले गरेको छ ।

सामाजिक सञ्जालहरूलाई तिनका प्रयोगकर्ताको संख्याका आधारमा वर्गीकरण गरिने निर्देशिकामा उल्लेख छ । एक लाखभन्दा कम प्रयोगकर्ता भएको सामाजिक सञ्जालका प्ल्याट्फर्मलाई साना र एक लाखभन्दा बढी प्रयोगकर्ता भएकालाई ठूला प्ल्याट्फर्मका रूपमा वर्गीकरण गरिएको छ ।

नेपालमा कार्यालय नभएका सामाजिक सञ्जाल प्ल्याट्फर्म सञ्चालकले तीन महिनाभित्र कार्यालय स्थापना गर्नुपर्ने र सम्पर्क व्यक्ति तोक्नुपर्ने निर्देशिकामा भनिएको छ । सूचीकृत नभएका सामाजिक सञ्जाललाई मन्त्रालयले नेपालभित्र सञ्चालनमा रोक लगाउन सक्ने निर्देशिकामा उल्लेख छ ।

## ठाकुरलाई रोट्रयाक्ट बिर्तामोडको सहयोग



**झापा, बैशाख २।** रोट्रयाक्ट क्लब अफ बिर्तामोडले बोनम्यारोको समस्याबाट ग्रसित एक बालकलाई आर्थिक सहयोग गरेको छ ।

आर्थिक अभावका कारण आफ्ना ४ वर्षीय छोरा उज्ज्वल ठाकुरलाई उपचार गराउन नसकिरहेका बिर्तामोड-५ जात्रुबारीका मुकेश ठाकुर र पिंकी राजवंशी ठाकुरलाई रोट्रयाक्ट क्लब अफ बिर्तामोडले १५ हजार नगद सहयोग गरेको हो ।

भारतको चेन्नईमा उपचारका लागि लैजानुपर्ने आफ्ना छोरालाई आर्थिक अभावमा उपचार गराउन समस्या भइरहेको बुवा मुकेश ठाकुरले बताए । आफूहरुको संस्था आर्थिक रुपले सबल नभए पनि सदस्यहरुबाट संकलन गरी ठाकुरलाई आर्थिक सहयोग गरेको रोट्रयाक्ट क्लब अफ बिर्तामोडका अध्यक्ष प्रज्ज्वल विमलीले बताए । उनले यस किसिमका सामाजिक कार्यहरु संस्थाले निरन्तर गर्दै आएको जानकारी दिए ।

बिमलीको अध्यक्षतामा भएको कार्यक्रममा संस्थापक अध्यक्ष प्रवेश बस्नेत, पूर्वअध्यक्षहरु दिवाकर प्रसाईं, राज मुखिया, वसन्त ढकाल, वसन्त बुढाथोकी, बाप्पा साहलगायतले शुभकामना मन्तव्य राखेका थिए ।

कार्यक्रमको सञ्चालन क्लब एडमिन चेयरपर्सन श्रद्धा प्रसाईंले गरेकी थिइन् । कार्यक्रमको दोस्रो चरणमा नयाँ सदस्यहरुका लागि इन्डक्सन कार्यक्रम राखिएको थियो । कार्यक्रमको सहजीकरण बाप्पा साहले गरेका थिए । कार्यक्रममा १५ जना नयाँ सदस्यहरुको उपस्थिति रहेको थियो ।

## गाँजा ...

प्रहारको अवस्था आएको उनले बताए । 'पिन्टु एउटा समूह भयो, अर्को रवीनकुमारको भयो । यसरी दुइटा समूहबीच विवाद भएको हो'- उनले भने । अहिले दुई वटा कारणहरू खुलेका छन् । तर, त्यसमा भेरिफाइ गर्ने काम भइरहेको पनि उनले बताए । एक जनाले गाँजा कारोबार गर्नेक्रममा लेनदेन नमिलेको प्रारम्भिक बयान दिएका छन् । अर्काले भने एक लाख रूपैयाँको विवाद भएको बताएका छन् । यद्यपि यसबारे फरार रहेका व्यक्तिहरूलाई पक्राउ गरेपछि थप खुल्ने प्रहरीले जनाएको छ ।

हाल पक्राउ परेकाहरूमाथि म्याद थप्ने प्रहरीको तयारी छ । रवीनकुमार एक महिनाअघि मात्रै गाँजा तस्करीकै मुद्दामा धरौटी बुझाएर छुटेको खुलेको छ । अन्यको पनि आपराधिक पृष्ठभूमि खोज्ने काम भइरहेको प्रहरीले जनाएको छ ।

## देशभरका ...

शिक्षा ऐन जारी गर्नुपर्ने अडान राखेको छ ।

त्यस्तै महासंघले विद्यार्थी भर्ना अभियानमा सहभागी नहुने,कक्षा १२ को परीक्षा कार्यक्रममा सहभागी नहुने, एसईईको उत्तरपुस्तिका परीक्षण नगर्ने निर्णय समेत गरेको छ । आफ्ना माग पूरा नभएसम्म शैक्षिक हडताल जारी राख्ने महासंघको अडान छ ।

यता ऊर्जा, जलस्रोत तथा सिञ्चाइमन्त्री दीपक खड्काले शिक्षकका मागप्रति सरकार गम्भीर रहेको बताएका छन् । नेपाल शिक्षक महासंघ संखुवासभाको टोलीसँग मन्त्रालयमा भएको भेटमा उनले शिक्षकका मागका सम्बन्धमा सरकारले सरोकारवालासँग छलफल गरी सम्बोधन गर्ने बताए । शिक्षा क्षेत्रको सुधारका लागि शिक्षकहरुको पनि सुझाव र सल्लाह आवश्यक छ, शिक्षामन्त्री तथा मन्त्रिपरिषद्समक्ष यो विषयमा छलफल गर्नेछु- उनले भने । उनले अहिले विभिन्न ऐन निर्माणका लागि छलफलकै क्रममा रहेको उल्लेख गर्दै सरकार समयसापेक्ष ऐन निर्माणमा लागेको बताए ।

नेपाल शिक्षक महासंघ संखुवासभाका अध्यक्ष शेरबहादुर पुरीले शिक्षकका २४बुँदे मागका सम्बन्धमा पहलका लागि आग्रह गरे । नेपाल शिक्षक संघ संखुवासभाका सङ्घीय प्रतिनिधि दिव्यराज अधिकारीले यो शिक्षकको मात्रै आन्दोलन नभई शैक्षिक आन्दोलन भएको बताए ।

शिक्षकहरुले विद्यालयमा कर्मचारी दरबन्दी कायम गर्नुपर्ने, बालविकास कक्षा विद्यालय शिक्षा अन्तर्गत ल्याउनुपर्ने, शिक्षक बढुवा नियमित हुनुपर्ने, आन्तरिक प्रतिस्पर्धा गर्न पाउनुपर्ने, शिक्षक ग्रेड बढाउनुपर्ने, सेवा प्रवेशको समय ४० वर्ष कायम हुनुपर्ने लगायतका माग राखेका छन् ।

## चट्याङ ...

श्रेष्ठ घाइते भएको जनाउँदै उनले घाइते सबैको जिल्ला अस्पताल संखुवासभामा उपचार भइरहेको बताए । उपचाररत् चारैजना खतरामुक्त रहेका अस्पतालले जनाएको छ ।

## हप्तामा ...

अधिकृत ताराकिरण राईले अबदेखि आइतबार र सोमबार जातीय भेषभुषामा कार्यालय समयमा कर्मचारीहरू उपस्थित हुनुपर्ने सूचना जारी गरेका छन् । पालिकाभित्र बसोबास गर्ने जातजातिहरूको संस्कृति संस्कारको संरक्षण गर्न र पालिकालाई पर्यटन प्रवर्द्धन गर्न यस्तो निर्णय गरिएको हो- अध्यक्ष राईले भने ।

गाउँपालिकाभित्रका जाति, भेषभुषा, भाषा, संस्कृतिको संरक्षण गर्ने कार्यपालिकाको दायित्व भएकाले यस्तो नीति लागू गरिएको उनको भनाइ छ । सो गाउँपालिकामा एक हजार आठ सय ७८ जनसंख्या रहेको छ ।

## खुल्ला ...

तामाङ डिस्को र गणेश ढुंगानालाई सम्मान पत्रसहित नगद पुरस्कारबाट सम्मानित गरिएको थियो । वडाध्यक्ष उप्रेतीले प्रतियोगिताको औचित्यसहित स्वागत मन्तव्य राखेको उक्त कार्यक्रमको सञ्चालन सञ्चारकर्मीद्वय सरोज पौडेल र सुनीता तामाङले गरेका थिए ।














**फ्रि भिषा ! फ्रि खाना/बस्न !! फ्रि तालिम !!!**

**UAE मा रोजगारीको अवसर**

United International Group — **७ दिनमा भिषा आउने**

कम्पनी: युनाइटेड इन्टरनेशन ग्रुप LT No. 309924

| पद | माग संख्या | तलब | ड्युटी |
|---|---|---|---|
| मेसन | ५०० | १००० दिराम + ३ टाइम खाना | ८+२ घण्टा २६ दिन |
| कार्पेन्टर | ५०० | १००० दिराम + ३ टाइम खाना | ८+२ घण्टा २६ दिन |
| स्टील फिक्चर | ५०० | ९५० दिराम + ३ टाइम खाना | ८+२ घण्टा २६ दिन |
| हेल्पर | ५०० | ८९० दिराम + ३ टाइम खाना | ८+२ घण्टा २६ दिन |

कम्पनीको विशेषताहरु : अन्तरवार्ता दिनु नपर्ने, उमेरको हकमा: ५० वर्षसम्म

**ASIA LINK SERVICES (P) LTD.**
BRANCH OFFICE : BIRTAMOD, JHAPA
Tel: 023-535072 / 531287
Mobile: 9852674809 / 9863714421 / 9807963795 / 9816015488
email: asialinkjhapa@gmail.com/phagdhakgroup@gmail.com

**अधियामा काम गर्ने मानिस चाहियो**

अर्जुनधारा-४, बागेडाँगीमा ९ विगाह क्षेत्रफलमा रहेको क्रमैसंग आम्दानी हुँदै गरेको एग्रो फरेष्ट्रीमा अधियामा काम गर्ने मेहनती परिवार चाहियो ।

मो. ९८५१०९४०१८
९८१५०८०३९१

**श्री मेचीनगर बचत तथा ऋण सहकारी संस्था लि.**
मेचीनगर-९, धुलाबारी झापा

**पुन: अन्तिम ७ दिने लिलाम बिक्री सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मिति २०८२/०१/०३

यस मेचीनगर बचत तथा ऋण सहकारी संस्था लि.बाट विभिन्न समयमा विभिन्न शीर्षकमा लिएको ऋणको तपशिलमा उल्लेख भएका शेयर सदस्यहरुले ऋण लिएवापत बुझाउनुपर्ने साँवा, ब्याज, हर्जना समेतको किस्ता रकम म्यादभित्र नबुझाई ऋण सम्बन्धि शर्त बन्देज उल्लघंन गरेको र बारम्बार लिखित तथा मौखिक ताकेता साथै व्यक्तिगत सम्पर्क गरी ऋण तिर्न जानकारी गराउँदा समेत ऋण तिर्न वास्ता नगरेको हुँदा मिति २०८१/१२/२७ गते बसेको संचालक समितिको बिशेष बैठकको निर्णय अनुसार पुनः अन्तिम ७ दिने घर जग्गा लिलामबिक्री बारेको सूचना प्रकाशित गरिएको छ । आजका मितिले ७ दिनभित्रमा संस्थामा बुझाउनुपर्ने साँवा, ब्याज, हर्जना समेतको रकम चुक्ता गर्न आउनु होला । यदि बुझाइसकेको भए सोको प्रमाण पेश गर्नुहुन अनुरोध छ । अन्यथा सहकारी ऐन २०७४ सहकारी नियमावली २०७५ संस्थाको पुन: लिखित बिनियम २०८० तथा संस्थाको ऋण नीति २०८० तथा धितो लिलाम बिक्री सम्बन्धी कार्यबिधि २०८० बमोजिम घर जग्गा लिलाम बिक्री गरी असुल उपर गरिने समेत जानकारी गराइन्छ ।

| क्र.स. | ऋणीको नाम थर | ठेगाना | बुबा | बाजे र पति | बाजे र पति | जग्गाधनीको नाम | जग्गाको ठेगाना | कित्ता नं. | क्षेत्रफल |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | शान्ता लिम्बू | अर्जुनधारा-११ | तिलबहादुर लिम्बु | कृष्ण बहादुर लिम्बु | कृष्ण बहादुर लिम्बु | शान्ता लिम्बु | साविक शनिश्चरे-०७ | ७२१९, ६३३५ | ०-०-४, ०-०-२ |
| २ | हरिराम श्रेष्ठ | मेचीनगर-१० | मणि कुमार श्रेष्ठ | लालबहादुर श्रेष्ठ | लालबहादुर श्रेष्ठ | हरि राम श्रेष्ठ | साविक धुलाबारी-८ | ३९६, ९५१ | ०-०-३, ०-०-२.५ |
| ३ | तिर्थराज न्यौपाने | मेचीनगर-०९ | कृष्ण भक्त न्यौपाने | हरि प्रसाद न्यौपाने | हरि प्रसाद न्यौपाने | तिर्थराज न्यौपाने | साविक धुलाबारी-१ | १८९६ | ०-५-५ |
| ४ | दुर्गा तोलाङ्गी सार्की | बुद्धशान्ति ५ | मानबहादुर मंराती सार्की | हरि बहादुर तोलाङ्गी | हरि बहादुर तोलाङ्गी | दुर्गा तोलाङ्गी सार्की | साविक शान्तिनगर-४ | ३६२ | ०-१४-० |
| ५ | कमला कुमर | मेचीनगर-०९ | मानबहादुर तामाङ | मंचु कुमर | मंचु कुमर | कमला कुमर | साविक धुलाबारी-१ | २९३४ | ०-१-० |

ऋण उप-समिति
**मेचीनगर साकोस,** मेचीनगर-९, झापा


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail .com

# पूर्वाञ्चल

## सम्पादकीय

## शिक्षाको भविष्य सुनिश्चित गर

**सरकार भद्र आन्दोलनलाई महत्त्व दिँदैन भन्ने शिक्षकहरुले यस पटक गरेको आन्दोलनले प्रमाणित गरेको छ । तोडफोड, आगजनी र हिंसाले मात्र सरकारको कानमा बतास लाग्छ यसो भनिँदै आएको थियो । देशभरका शिक्षकहरु यतिबेला काठमाडौं केन्द्रित आन्दोलनमा छन् । लगातार सडकमा बसेर प्रदर्शन गरिरहेका शिक्षकका सवाल र मागमा प्रधानमन्त्री केपी ओली न संवेदनशील छन् न त जानकार नै । उनैले केही दिनअघि शिक्षकको आन्दोलनका बारेमा आफूलाई जानकारी नभएको बताइसकेका छन् । सत्तामा नरहँदा शिक्षकहरुका मागप्रति समर्थन जनाउँदै ती मागलाई तत्काल सम्बोधन गर्नुपर्ने बताएका ओली तिनै हुन जसले आधा महिनादेखि सडकमा भद्रतापूर्वक प्रदर्शन गरिरहेका शिक्षकहरुको भावना र मागलाई महत्त्वहीन ठानेका छन् ।**

**शिक्षा सम्पूर्ण विकासको आधारशिला हो । यसकै माध्यमबाट मात्रै विकासका पूर्वाधारहरुलाई व्यवस्थित गर्न सकिन्छ । विद्यालय शिक्षा विधेयक पारित नगरिएकोमा आफूहरु सडकमा आएको शिक्षकहरुको भनाइ छ । यसअघि पटक–पटक सरकार र शिक्षकहरुका बीच विभिन्न मागहरु पूरा गर्ने सहमति भएको थियो । सहमति गरिएका तिनै मागलाई ऐनमा समावेश गरी ऐन जारी गर्नुपर्ने उनीहरुको एक सूत्रीय माग छ । शिक्षकहरुका छाता संगठन नेपाल शिक्षक महासंघको अगुवाईमा भइरहेको आन्दोलन पछिल्लो समय आमहड्तालमा पुगेको छ । यसले सम्पन्न एसईई परीक्षाको उत्तरपुस्तिका परीक्षण गर्ने काम पनि प्रभावित हुनसक्ने भन्दै सरोकारवालाहरुले चिन्ता व्यक्त गर्न थालेका छन् । शिक्षा ऐनमा परिमार्जन गर्नुपर्ने, शिक्षकको वृत्तिविकास, पेशागत सुरक्षा र सेवासुविधासँग सम्बन्धित छन् । अस्थायी, करार जस्ता शिक्षक तथा कर्मचारीलाई पनि व्यवस्थापन गराउनुपर्ने उनीहरुको माग छ ।**

**२०२८ सालको शिक्षा ऐनकै आधारमा शिक्षा व्यवस्था सञ्चालित छ । शिक्षकहरुले धेरै पटक संघर्ष गरेर सेवा, पेशागत सुरक्षा र वृत्तिविकासको अवसर पनि पाएका हुन् । अहिले विभिन्न संघ–संगठनमा आबद्ध शिक्षकहरु महासंघको नेतृत्वमा संगठित रुपमा आन्दोलित शिक्षकहरुका उचित मागको सम्बोधन गर्नु लोकतान्त्रिक सरकारको नैतिक जिम्मेवारी हो । आ–आफ्नो स्वार्थ अनुसार परिचालन गरिएका शिक्षकहरु सधैं परिचालित नै हुन्छन् ठान्नु सरकारको संकीर्णता हो । त्यसैले सरकारले सबै नागरिकसँगै शिक्षकहरुका मागप्रति संवेदनशील हुँदै उत्तरदायित्वपूर्ण व्यवहार गर्नुपर्छ । आन्दोलन निरन्तर जारी रहे शैक्षिक क्यालेण्डर प्रभावित हुने पक्का छ । त्यसैले राज्यले शिक्षा क्षेत्रका तमाम समस्या र विगतमा गरेका सहमित र सम्झौतालाई यथाशीघ्र कार्यान्वयन गर्ने प्रतिज्ञा गर्नुपर्छ । यो नै राज्यको पहिलो जिम्मेवारी हो ।**

# एमालेको विकल्प : नवीन र गति



**तीर्थराज खरेल**

जनतामाझ दरबार बदनाम रहेकै कारण डेढ दशकअघि नै विदा गरेर गणतन्त्र स्थापना भइसकेको अवस्थामा पनि निरङ्कुशताको प्रेत फेरि ब्युँझन सक्छ र सङ्घीय लोकतान्त्रिक गणतन्त्र नै सङ्कटमा पर्न सक्छ भन्ने मनोविज्ञान व्याप्त भएको ठूला दलका ठूला नेताले ठूला सभामा राजाभन्दा पनि बढी राजावादी देखिने तथाकथित राजावादीको उछितो काढेबाट बुझ्न सकिन्छ। यस्तो अवस्थामा मुलुकका दुई ठूला जनाधार भएका दलहरू नेपाली काङ्ग्रेस र नेकपा एमालेको भूमिका कसरी अघि बढिरहेको छ भन्ने अहम् प्रश्न हो। सत्तासीन नेकपा एमालेको उपादेयता सकिएको र अब नयाँ दलहरूले मुलुकको नेतृत्व गर्ने हो भन्ने भाष्य तयार गरिँदैछ। हुन पनि हो, सिद्धान्त र कार्यक्रम एकातिर तर व्यवहार अर्कातिर भएर लामो समय कुनै सङ्गठन वा दल अघि जान सक्दैन। यस्तो विरोधाभाष बोकेर कुनै पार्टी लामो समय चल्न सक्दैन। एमाले र जनताको बहुदलीय जनवादको लोकप्रियता सदैव उस्तै अवस्थामा रहिरहनेछ भन्ने पनि हुँदैन। मिसन-८४ आशा गरेजस्तो परिणाम लिएर आउनेछ भन्ने किटान गरेर भन्न अप्ठेरो छ।

नेकपा एमाले एक सजीव, लोकतान्त्रिक र गतिशील दल भएका कारण हराउँदै र भत्किँदै गरेको सामन्ती अर्थतन्त्र र राजनीतिका खण्डहरबाट निस्केर नेपाल र नेपालीलाई आधुनिक स्वतन्त्र जीवनतर्फ पाइला सार्नका लागि जनगणका आकाङ्क्षाहरूको प्रतिनिधित्व गर्ने दल बन्न सक्नुपर्छ। समय हरबखत बदलिरहेको छ। जनताको बहुदलीय जनवादले कठमुल्लावादी र जडसूत्रवादी सोचलाई अस्विकार गर्छ भने मार्क्सवादको सुजनात्मक विकास र प्रयोगलाई आत्मसात गर्दछ। तसर्थ, पुरानो एमालेले मुलुकको नेतृत्व गर्न सक्दैन भनेर विरोधीले भन्छन् भने एमाले समर्थकले नवीन एमाले बनाउन जरुरी छ, तर जडता र रुढीवादिताको शिकार भइरहने हो भने समय एमालेले सोचे जस्तो नहुन पनि सक्छ। लाखौं युवा, मजदुर, किसान, विद्यार्थी र पेशाकर्मी प्रत्यक्ष र परोक्ष रूपमा नेकपा एमालेको वरिपरि गोलबन्द भएका छन्, तर उनीहरूका शक्तिशाली सङ्कल्पको भाषा बोलिदिने पार्टी र जनजनका हृदयमा स्पन्दित हुन सक्ने नायकहरू नवीन एमालेको आजको खाँचो हो। नेकपा एमाले बहुदलीय व्यवस्था स्थापना पछि धेरैपटक सरकारमा पुगेको छ, लोकप्रिय सरकार चलाएको छ, सरकारका कारणले विवादित पनि भएको छ, कहिले अवाञ्छितरूपमा खुम्चिएको छ र कहिले आशातीत रूपमा फैलिएको पनि छ। तर, जननेता मदन भण्डारीको अगुवाइमा सूत्रबद्ध गरिएको जनताको बहुदलीय जनवादको महत्त्व र गरिमा जसरी विस्तारित हुनुपर्ने हो, त्यो भएको छैन।

नयाँ एमाले पुरानो कार्यशैलीबाट अघि बढ्न सम्भव छैन। पार्टीको वैचारिक अडान, नीतिगत निर्णयहरू र भविष्यका दिशाहरूमा बहस र छलफललाई प्रोत्साहन दिन अहिले पनि पार्टी हिच्किचाउँछ। जनताको राय र सरोकारहरूलाई पार्टीको मञ्चमा समाहित गरिएको सुनिश्चित हुनुपर्छ भन्न पनि सजिलो छैन। पार्टीको कोष र स्रोतहरू पारदर्शीरूपमा प्रयोग भएको सुनिश्चित गर्दै सदस्यमाझ नियमित रूपमा वित्तीय लेखापरीक्षण र अन्य प्रतिवेदनहरू जारी गर्ने कुरा अहिले पनि संस्थागत हुन सकेको छैन। जुन पार्टीले पार्टीभित्रको भ्रष्टाचारलाई रोक्छ, उसले मात्र जनता र पार्टीका सदस्यहरूमा विश्वास निर्माण गर्न सक्छ। पार्टी नेताहरूलाई तिनीहरूका निर्णयहरू, शक्तिको प्रयोग र अन्य राजनीतिक समूहहरू वा व्यावसायिक समुदायसँगको सम्बन्धलगायतका कार्यहरूका लागि जवाफदेही बनाउन सक्नुपर्छ। नेताहरूले पार्टी सदस्य र जनताको कार्यमा प्रश्न उठ्दा जवाफ दिने संयन्त्रको स्थापना गर्नुपर्छ।

नवीन एमालेको अर्को महत्त्वपूर्ण कुरा इमानदारी, निष्पक्षता र पार्टीका सबै सदस्यहरूको सम्मानित समावेशीकरण जरुरी छ। नेताहरू आलोचनाका लागि खुला हुनुपर्छ र आफ्नो स्थितिमा नम्र रहनुपर्छ। एमालेलाई थप लोकतान्त्रीकरण गर्न सके मात्र मुलुकमा लोकतन्त्र संस्थागत हुन सक्छ। यसका लागि सङ्गठनभित्र थप आन्तरिक लोकतन्त्र, पारदर्शिता, सहभागिता र समावेशिताको विकास हुनु पर्दछ। पार्टीभित्र र बृहत् राजनीतिक प्रणालीमा लोकतान्त्रिक सिद्धान्तलाई बलियो बनाउनका लागि महत्त्वपूर्ण कदमहरू चाल्न सक्नुपर्छ। पार्टीको घोषणापत्र र



नीतिहरूले कानूनको शासन, मानव अधिकार र अभिव्यक्ति स्वतन्त्रता जस्ता लोकतान्त्रिक सिद्धान्तहरूको महत्त्वलाई जोड दिनुपर्छ। यसले लोकतान्त्रिक राजनीतिक प्रणाली र शासन संरचनाप्रति पार्टीको प्रतिबद्धता झल्काउँछ। नवीन एमाले बनाउन पार्टीका कार्यहरू जनताको आवश्यकतासँग मिल्दोजुल्दो बनाउन आवश्यक छ र यसले शासनमा लोकतान्त्रिक मूल्यहरू प्रतिबिम्बित गर्दछ। विश्वभर फैलिएको लोकप्रियतावाद ( पपुलिजम्) र अधिनायकवादी नेतृत्वको उदयले नेपाली समाजमा पनि 'सशक्त नेतृत्व'को इच्छा बढाएको हुन सक्छ। यो कुरा मुलुक र लोकतन्त्रका लागि खतरनाक हुनसक्छ।

राजनीतिक स्थिरता र तीव्र विकासको चाहनालाई नेपालमा पूर्व राजा, दरबारिया शक्ति र राजावादीहरूले हिन्दुवादी र हिन्दुत्ववादीको सहारा लिँदै राजतन्त्र पुनर्स्थापनाको बहससँग जोडेर आन्दोलन अगाडि बढाउन खोजिरहेका छन्। इतिहासले देखाएजस्तो एक व्यक्ति वा परिवारको शासनले दीर्घकालीन समाधान भने दिन सक्दैन। राजतन्त्र स्थापना सहज छैन र मुलुकको सङ्कटको समाधान पनि होइन। यसबाट मुलुक तीव्र ध्रुबीकरणतर्फ लाग्छ र हिंसाउन्मुख हुन्छ। नवीन एमाले बनाउन शक्ति विकेन्द्रीकृत गर्न आवश्यक छ। सङ्घीय वा प्रादेशिक राजधानी वा पार्टीको प्रधान कार्यालयमा शक्ति केन्द्रीकृत गर्नुको सट्टा, क्षेत्रीय र स्थानीय शाखाहरूलाई अधिक निर्णय गर्ने शक्ति हस्तान्तरण गर्नसके बढी काम हुनसक्छ।

स्थानीय एकाइहरूलाई पार्टीको समग्र विचारधारालाई
पछ्याउँदै उनीहरूको सन्दर्भमा उपयुक्त हुने
दिनुपर्छ। वंशीय शासन, सैनिक शास
जस्ता शासन व्यवस्थाले यी गुणहरूलाई
लोकतान्त्रिक प्रक्रियामा दीर्घकालीन
सम्भावना रहन्छ। निर्णयहरू, विशेषग
छनोटमा, नेताहरूको सानो समूह मात्र
सदस्यहरू समावेश गर्ने परामर्श प्रक्रियाह
अझ सबल बन्न सक्छ। विपक्षीलाई तव
नैतिक साहस र भाषणकलाका धनी भण्ड
आन्दोलन र विशेष गरी नेपाली कम्युनि
संश्लेषण गरी कम्युनिष्ट आन्दोलनको म
गरी त्यसलाई जबजको रूपमा प्रस्तुत ग
गर्ने कठमुल्लावादको विरोध गर्दै वस्तु
राजनीति भनेको लकिरको फकिर होइन,
सेवा हो भन्ने जीवनदर्शनलाई नेपाली भ
शुरु गरेका थिए।

कम्युनिष्ट आन्दोलनमा देखिएको
उन्मादी भाषण घोक्ने, वर्ग वैरीबिरुद्ध
ठोक्ने, तर जनताका छोराछोरी राशन न
फालिनुपर्ने र नाङ्गानिमुखालाई क्रान्ति
भए पछि खाउला भन्ने महारोगबाट मुक्त
पूर्व नै कम्युनिष्टले जनताका लागि
जबजको सार हो। कम्युनिष्ट आन्दोलन
उपलब्धीलाई गैरकम्युनिष्टहरुले उपयोग
समाज विकासका विविध क्षेत्रमा प्रयोगम
विकास गरेका श्रेष्ठ विचार र सिद्धान्त
निमित्त कम्युनिष्टहरुले आत्मसात गर्न स

बहुदलीय प्रतिष्पर्धालाई स्वीकारी कम
जनताबाट श्रेष्ठता कायम भएको पुष्टी गन
हुन आवश्यक छ र मात्र कम्युनिष्टले शा
सहजीकरणका लागि क्रान्तिपूर्व पनि
जान सक्छन् भन्ने जबजको सार थियो
सरकारले सुधारका कामहरु गर्दै क्रा
यसरी क्रान्ति सम्पन्न गर्ने सिलसिलाम
हुने अवरोध हटाउन बल प्रयोग गर्नुपने
सार हो। संविधानको सर्वोच्चता, बहु
शक्ति पृथकीकरणको सिद्धान्त, मान


नव बर्ष २०८२को शुभकामना

**नव वर्ष २०८२** को शुभ अवसरमा हाम्रा समस्त शेयर सदस्य महानुभाव, सरकारी तथा गैह्र सरकारी संघ-संस्थाका पदाधिकारी, शुभेच्छुकलगायत देश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपाली जनमा सुख, शान्ति, सु–स्वास्थ्य र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**छविलाल शिवाकोटी**
अध्यक्ष

**तुलसा प्रधान** — व्यवस्थापक
**कृष्णप्रसाद चापागाईं** — सचिव

एवम्

**श्रद्धा कृषि सहकारी संस्था लिमिटेड परिवार**
अर्जुनधारा नगरपालिका–८, झापा



Ganapati Bakers
Finest Bakery in town

गणपति बेकरीका परिकारहरुका लागि हामीलाई सम्झनुहोस् ।

सम्पर्क नम्बर :
बिर्तामोड : ९८१०९४४५७७
काँकरभिट्टा : ९८२०५४४५७७
भद्रपुर : ९८२०१४४५७७



कार्की ट्याक्सी सर्भिस

दमक-बिर्तामोड-दानाबारी-जितपुर-मंगलबारे दैनिक सेवा रिजर्वको लागि पनि हामीलाई सम्झनुहोस्

छुट्ने समय
दमकबाट : बिहान ६ बजे
बिर्तामोडबाट : बिहान ७ बजे
मंगलबारेबाट : दिउसो १२ बजे

सम्पर्क (चालक)
सन्तोष — ९८०६०१८१७४, ९८४०३८७६७५
जीवन कार्की — ९८१७९४०१७३
मे १ ज १६७०



SUNMAI SPRING
'थोपा–थोपामा जीवन छ'
HACCP · ISO 9001:2015 CERTIFIED COMPANY · स्वदेशी — हाम्रो सामान, हाम्रै स्वाभिमान

स्वास्थ्य जीवनका लागि सुनमाई पानी पिउने बानी बसालौं ।

SUNMAI SPRING
Phone: 530335, 530234
Mob. No. 9801440344



नयाँ बर्ष २०८१ को हार्दिक मंगलमय शुभकामना

संघ जिल्ला कार्य समिति परिवार, कनपा–८, लक्ष्मीपुर, झापा



नव बर्ष २०८२को शुभकामना

**नव वर्ष २०८२** को शुभ अवसरमा हाम्रा समस्त आजीवन सदस्य, भक्तजन, दाता महानुभाव, सरकारी तथा गैह्र सरकारी संघ-संस्थाका पदाधिकारी, शुभेच्छुक लगायत देश तथा विदेशमा रहनु हुने सम्पूर्ण नेपाली जनमा सुख, शान्ति, सु-स्वास्थ्य र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**शिवलाल खतिवडा** — महासचिव
**नविन गट्टानी** — अध्यक्ष

एवम्

**अर्जुनधारा जलेश्वर धाम व्यवस्थापन समिति परिवार**
अर्जुनधारा नगरपालिका–७, झापा



नव बर्ष २०८२को शुभकामना

**नव वर्ष २०८२** को शुभ अवसरमा हाम्रा समस्त उपभोक्ता महानुभाव, सरकारी तथा गैह्र सरकारी संघ-संस्थाका पदाधिकारी, शुभेच्छुक लगायत देश तथा विदेशमा रहनु हुने सम्पूर्ण नेपाली जनमा सुख, शान्ति, सु-स्वास्थ्य र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

नोट : "एक घर एक रुख, एक गाउँ एक वन, एक नगर अनेक उद्यान"

**युवराज खड्का** — कार्यालय सचिव
**देवराज बुढाथोकी** — अध्यक्ष

एवम्

**दहीझोडा सामुदायिक वन उपभोक्ता समूह परिवार**
अर्जुनधारा नगरपालिका––४, झापा




ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ)** - मन खुशी रहला, स्वास्थ्यले साथ दिनछ, शरीरमा स्पूर्ति पैदा हुनेछ, अनावश्यक चिन्ता हटेर जानेछ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)** - बुद्धिको उपयोगले विद्या तथा धन आर्जन गर्ने समय रहेको छ, आफ्नो विचारले धेरैलाई प्रभावित बनाउन सकिनेछ, शुभ खबर सुन्न पाइनेछ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह)** - आजको दिन अनुकूल रहेको छ, अनावश्यक यात्रा तथा खर्च हुन सक्छ, स्वास्थ्यमा ध्यान दिनुहोला ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)** - मन प्रशन्न रहला, धन, स्वास्थ्य लाभको साथै सख प्राप्त होला, शत्रुमाथि विजय प्राप्त हुनेछ शुभ खबर सुन्न पाइने छ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)** - दिन मध्यम रहेको छ । बोलिको भरमा काम बन्नेछ, तर राम्रै बोल्दा पनि नराम्रो हुन सक्छ, सतर्क रहनुहोला ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो)** - पराक्रम बढेर जानेछ, बिग्रन लागेको काम बनिनाले हौशला बढ्नेछ, छोटो दुरीको यात्रा हुनेछ, मन हर्षित रहला ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते)** - समय राम्रो देखिएको छ, दिन रमाइलो छ, खानपानमा ध्यान दिनुहोला । विचार पुऱ्याएर मात्र खर्च गर्नुहोला ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु)** - अधुरा रहेका कामहरू सिद्ध हुने दिन आएको छ, उच्च अधिकारीबाट साथ, सहयोग र हौशला मिल्नेछ , मन हर्षित हुनेछ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)** - मनमा सन्ताप बढेर जानेछ, क्रोधलाई नियन्त्रणमा राख्नुहोला, मावलीपक्षबाट शुभ समाचारको योग छ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि)** - समय बलवान रहेको छ, यो अवधिमा नयाँ कामको थालनी गर्नुभएमा तपाईंको लागि लाभदायक हुनेछ, प्रेम सम्बन्ध सुमधुर रहला ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द)** - धन आर्जन गर्ने समय रहेको छ, आफ्नो विचारले विशेष मान्छे प्रभावित हुनेछन्, शुभ खबर आउनेछ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि)** - बिपरीत लिङ्गिसाथीबाट साथ र सहयोग प्राप्त हुनेछ, पराक्रममा वृद्धि हुनेछ, तपाइँको समय उत्तमसिद्धि रहेको छ ।

